http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको प्रकाशन

वर्ष २, अङ्क ८, २०७१ माघ Vol 2, Issue 8, February 2015

## राजस्व संकलन १४.७३ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७१/०७२ पुस मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिब १४.७३ प्रतिशतले वृद्धि भएको आन्तरिक राजस्व विभागमा माघ १५ गते आयोजित मासिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको छ। पुस

Sector wise Revenue Collection (upto 2071 M9)

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achieve-ment (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 34.27 | 35.00 | 102 | 16.07 |
| Rental Income Tax | 2.65 | 1.30 | 49 | 15.13 |
| Interest Income Tax | 3.73 | 3.01 | 80.66 | 1.58 |
| Total Income Tax | 40.66 | 39.31 | 96.68 | 14.79 |
| VAT (domestic) | 19.41 | 18.97 | 97.76 | 17.42 |
| Excise (domestic) | 14.97 | 13.50 | 90.23 | 10.85 |
| Education Service Fee | 0.29 | 0.26 | 92.22 | 3.92 |
| Health Service Tax | 0.29 | 0.34 | 115.39 | 33.04 |
| Grand Total | 75.63 | 72.41 | 95.75 | 14.73 |

महिना सम्मको लक्ष्य रु. ७५ अर्व ६३ करोड ५५ लाख २९ हजार रहेकोमा रु. ७२ अर्व ४१ करोड ४१ लाख ४७ हजार संकलन भई लक्ष्यको तुलनामा करिब ९६ प्रतिशतको प्रगति हासिल भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर रु. ३९ अर्व ३१ करोड, मूल्य अभिवृद्धि कर रु. १८ अर्व ९७ करोड र अन्त:शुल्क रु. १३ अर्व ५० करोड संकलन भएको छ। सो रकम निर्धारित लक्ष्यको तुलनामा क्रमश: ९६.६८, ९७.७६ र ९०.२३ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. २६ करोडबाँकी ८ पेजमा....

## नेपाल र बंगलादेशबीच दोहोरो कर मुक्ति सम्झौता



महानिर्देशक श्री चुडामणि शर्मा र बंगलादेशी वार्ता टोलीका प्रमुख पर्वेज इकवालका साथ अन्य पदाधिकारीहरु

काठमाडौं। नेपाल र बंगलादेश बीच दोहोरो कर मुक्ति सम्झौता सम्बन्धी चौथो चरणको वार्ता २०७१ माघ १५ (तदनुसार सन् २०१५ जनवरी २९) मा सम्पन्न भएको छ। कार्यक्रममा नेपालको वार्ता टोलीका संयोजक तथा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले बंगलादेशी वार्ता टोलीलाई स्वागत गर्नु हुँदै नेपाल र बंगला देशबीचको आर्थिक तथा कुटनीतिक सम्बन्धका विविध पक्षवारे चर्चा गर्नुभएको थियो। उहाँले दोहोरो कर मुक्ति सम्झौता नेपाल-बंगलादेश बीचको आर्थिक सम्बन्धमा कोशेढुंगा सावित हुनका साथै सम्झौता कार्यान्वयन पश्चात् बंगलादेशमा अध्ययनरत नेपाली विद्यार्थी प्रत्यक्ष रुपमा लाभान्वित हुने बताउनुभयो। सम्झौता कानूनी र प्रशासनिक प्रकृया पूरा भएपछि कार्यान्वयनमा आउनेछ।

कर संकलन सम्बन्धी नेपालको प्रस्तावमा वंगलादेश सहमत नभएको कारण सम्पन्न हुन नसकेको सम्झौता अन्तत: वंगलादेश सरकार नेपालको प्रस्तावमा सहमत भई सम्पन्न भएको महानिर्देशक शर्माले बताउनुभयो। दोहोरो कर मुक्तिका लागि प्रस्ताव गरिए अनुसार विभिन्न चरणमा वार्ता भए तापनि सन् २०१२ मा ढाकामा भएको तेस्रो चरणको वार्तामा एउटा बुँदा (Article) मा मात्र बंगलादेशले असहमति जनाएका कारण सम्झौता हुन सकेको थिएन। वंगलादेशले नेपालमा हवाई सेवा, हाइड्रो पावर तथा बैकिङ क्षेत्रमा लगानी गर्दै आएको छ।

वंगलादेशी वार्ता टोलीका प्रमुख पर्वेज इकवालले नेपाल र बंगलादेश ढिलै भए पनि सहमतिमा पुग्नु अत्यन्तै सकारात्मक रहेको उल्लेख गर्दै यसले नेपाल-बंगलादेश बीच रहेको सम्बन्धलाई थप प्रगाढ बनाउन मद्दत गर्ने बताउनुभयो।

कार्यक्रममा आन्तरिक बाँकी ८ पेजमा....

### आँखीझ्याल

लगानीमैत्री वातावरण सिर्जना गर्ने तर्फ राजस्व नीति लक्षित छ — पृष्ठ ३

प्रमुख कर प्रशासकहरुलाई महानिर्देशकको निर्देशन — पृष्ठ ६

पर्यटक यातायात व्यवसायी संघसँग अन्तर्क्रिया — पृष्ठ १४



व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं।

वर्ष २, अङ्क ८, २०७१ माघ Vol 2, Issue 8, February 2015



# महानिर्देशकको सन्देश

**कर सहभागिता वृद्धिको लागि विभागले अख्तियार गर्ने नीति कार्यान्वयन पश्चात तथा कर प्रशासनबाट गरिएको करारोपणका विषयहरु कर फछ्र्यौट आयोगबाट फरफारक भए पश्चात कर प्रशासनले करको दायरा विस्तार, चुहावट नियन्त्रण तथा करदाता सूचना संजाल निर्माणका क्षेत्रमा विशेष रणनीति अख्तियार गरी कार्य गर्नु पर्ने देखिएको छ ।**

मुलुकको तीव्र आर्थिक वृद्धिको लागि आन्तरिक लगानीको अलावा वाह्य लगानी तथा सहयोग आवश्यक रहन्छ । लगानीकर्ताले लगानीको प्रतिफलको सुनिश्चितता संगै करको भार सकेसम्म कम होस् भन्ने नै चाहन्छ । एक देशको बासिन्दाले अर्को देशमा गई लगानी, व्यवसाय तथा रोजगारी गर्दा एउटै आय वर्षमा आफू वासिन्दा रहेको देशमा वसोवासको आधारमा एवं कारोवार गरेको देशमा आयको स्रोतको आधारमा कर तिर्नु पर्ने हुनाले दोहोरो कर तिर्नुपर्ने अवस्था रहन्छ । एउटै आयश्रोतमा एउटै आय वर्षमा करदातालाई पर्ने दोहोरो करको भारबाट मुक्त राख्दा लगानीकर्तालाई प्रोत्साहन मिल्ने हुन्छ । नेपालले पनि विदेशी लगानीकर्ताहरुलाई प्रोत्साहन गर्न विभिन्न दश वटा देशहरुसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गरिसकेको छ । माघ महिनामा वंगलादेशसँग भएको चौथो चरणको वार्ताबाट सम्झौताका सबै दफाहरुमा सहमती समेत भै दुवै देशको आन्तरिक कानूनी प्रकृया पूरा गरी सम्झौता कार्यान्वयनमा ल्याउने तर्फ कारवाही अगाडि बढाइसकिएको छ । दोहोरो कर मुक्ति सम्वन्धी सम्झौताहरू खास गरी आर्थिक गतिविधिको आदान प्रदान हुने देशहरु बीच गर्ने गरिन्छ । नेपालको आर्थिक गतिविधिहरु आदान प्रदान हुने सम्भाव्य देशहरुको पहिचान गरी अन्य दर्जन भन्दा बढी देशहरुसँग दोहोरो कर मुक्ति सम्झौताको प्रकृया अगाडी बढाइएको छ ।

कर प्रशासनको लागि नियमितरुपमा कर सहभागिता जनाउने करदाताहरुको संख्यामा बढोत्तरी ल्याउनु चुनौतीपूर्ण देखिएको छ । कर सहभागितामा वृद्धि गर्नको लागि विगत वर्षमा तथा चालु वर्ष ल्याइएका विशेष सुविधाहरु उपयोग गर्ने सबै करदाताहरुलाई धन्यवाद दिन चाहन्छु । साथै आर्थिक ऐन मार्फत ल्याइएका विशेष सुविधा उपयोग नगर्ने र अटेर गरी बस्ने करदाताहरु उपर विभागमा प्राप्त सूचनाका आधारमा तथा अन्तर निकाय सूचना संजालमा भएका सूचनाहरुको आधारमा कारवाही गर्ने तयारी आन्तरिक राजस्व विभागले गरि सकेको व्यहोरा सबैमा जानकारी गराउन चाहन्छु ।

करदाताले स्वयं घोषणा गरेको कर दायित्व र करदाताले बुझाउनु पर्ने वास्तविक कर दायित्व बीचको फरक बढ्दै गएको छ । करदाताले कर कानूनको पालनामा अटेरी गर्दै जाने, कर प्रशासनले कर निर्धारण गर्दै जाने र सो कर निर्धारण उपर करदाताहरु न्यायिक निरुपणमा जाने प्रवृत्ति बढ्दो देखिएको छ । यसको परिणामस्वरुप कर संकलन तथा बक्यौता व्यवस्थापनमा कठिनाई परेको छ । कर विवाद समाधानका लागि स्थायी संयन्त्र नहुंदा कानूनी उपचारबाट विवाद समाधान भै कर संकलन गर्न लामो समय लाग्ने गरेको अवस्था छ । यो अवस्थाले एकातिर कर प्रशासनको कार्य प्रगति समयमा भएको देखिएको छैन भने अर्कोतिर कर संकलन लागत पनि बढ्दै गएको छ । कर विवादहरुलाई उपयुक्त ढंगबाट निरुपण गरी कर संकलन गर्न एवं बक्यौता व्यवस्थापन गर्न हालै नेपाल सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ बमोजिम कर फछ्र्यौट आयोग गठन गरेको छ । कर प्रशासनबाट निर्धारित कर उपर चित्त नबुझाई न्यायिक निरुपणका लागि जानु भएका सबै करदाताहरुलाई कर फछ्र्यौट आयोग समक्ष निवेदन गरी आफ्नो कर दायित्व फरफारक गर्नु हुन अनुरोध पनि गर्दछु ।

कर सहभागिता वृद्धिको लागि विभागले अख्तियार गर्ने नीति कार्यान्वयन पश्चात तथा कर प्रशासनबाट गरिएको करारोपणका विषयहरु कर फछ्र्यौट आयोगबाट फरफारक भए पश्चात कर प्रशासनले करको दायरा विस्तार, चुहावट नियन्त्रण तथा करदाता सूचना संजाल निर्माणका क्षेत्रमा विशेष रणनीति अख्तियार गरी कार्य गर्नु पर्ने देखिएको छ । यी रणनीतिका लागि तथा हाल प्रचलनमा रहेका कर कानूनहरु कार्यान्वयनको लामो समय वितिसकेकोले कानूनहरुमा सामयिक परिवर्तनको लागि र वर्तमान कर संरचनाहरुमा सामयिक परिवर्तनका लागि अध्ययन गरी सुझाव दिन सरकारले उच्च स्तरीय कर प्रणाली पुनरावलोन आयोग गठन गरेको छ । उक्त आयोगमा सबै आम नागरिक, उद्योगी, व्यवसायीहरु, पेशागत संघ संगठनहरुले रचनात्मक सुझाव दिई आफ्नो भावि कर प्रणाली सुनिश्चित गर्न सवैमा फेरी पनि म विनम्र अनुरोध गर्दछु ।

अन्तमा, विभाग अन्तर्गतका सबै कार्यालयहरुलाई करदाता मैत्री व्यवहार प्रदर्शन गर्दै आ आफ्नो जिम्मेवारी वहन गर्न र कर कानूनहरुको परिपालना नगरी अटेर गर्ने करदाताहरुलाई कानूनको दायरामा ल्याई कारवाही अगाडी बढाउन समेत म निर्देशन दिन चाहन्छु ।

फागुन, २०७१

**चुडामणि शर्मा**
महानिर्देशक


कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं ।

# nufgLd}qL jftfj/0f l;h{gf ug]{ / tkm{ /fh:j gLlt nlIft 5



**श्री सुमनप्रसाद शर्मा**, अर्थसचिव

**न्यून विजकीकरण र न्यून मूल्यांकन आज हाम्रो सामु समस्याको रुपमा रहेका छन् । यसले राजस्व संकलनमा मात्र नभई स्वस्थ्य बजार प्रतिस्पर्धामा समेत नकारात्मक असर पारेको कुरा पनि सत्य हो । तथापि स्थिति अन्यन्त नकारात्मक भने रहेको छैन । यस्ता किसिमका गलत कृयाकलापहरुलाई नियन्त्रण गर्नका लागि सही र पर्याप्त सूचना तथा तथ्यांकको आवश्यकता पर्दछ ।**

**० बजेटले राजस्व नीति अन्तर्गत परिलक्षित गरेका उद्देश्यहरुको उपलब्धिका बारेमा बताइदिनुहोस् न ?**

- चालु आर्थिक वर्षको बजेटमा राजस्व नीति अन्तर्गत मुलभूत रुपमा हामीले पाँचवटा विषय उल्लेख गरेका छौं । जसमा पहिलो कर संरचना एवं कर कानूनहरुको समायानुकूल सुधार गर्ने विषय छ । यसको लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरी सकिएको छ । यसले छलफल र अन्तरक्रियाको माध्यमबाट सुझाव संकलन गर्दै आफ्नो कार्य अगाडि बढाई रहेको छ र चैत्र मसान्तसम्ममा नेपाल सरकार समक्ष आफ्नो प्रतिवेदन पेश गर्नेछ । दोस्रो विषय अन्तर्राष्ट्रिय एवं क्षेत्रीय प्रतिवद्धता अनुरुप भन्सारका दरहरु क्रमश: समायोजन गर्दै लाने छ । यसका लागि अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरुसँगको आवद्धता अनुसार भन्सारका दरहरुमा परिवर्तन एवं समायोजन गर्ने कामहरु पनि शुरुवात गरि सकिएको छ । तेस्रो विषय प्रकृयागत सरलीकरण र सूचना प्रविधिको माध्यमबाट स्वेच्छिक कर सहभागिता बृद्धि गर्ने छ । यसका लागि मातहत निकायहरुको काम कारवाहीलाई सूचना प्रविधिमैत्री बनाई कर प्रशासनमा करदाताको पहुँच स्थापित गराउने कार्य निरन्तर रुपमा भइरहेको छ । साथै, भन्सारतर्फ एकीकृत जाँचपासको पद्धति अवलम्बन गर्ने कार्य अगाडि बढाइएको छ । अर्को विषय अवैध व्यापार, राजस्व चुहावट, विदेशी मुद्रा अपचलन र सम्पत्ति शुद्धिकरण नियन्त्रण गर्नेसँग सम्बन्धित छ । यसका लागि विभिन्न भन्सार नाकाहरुमा सजगता अपनाई विषेश निगरानीको व्यवस्था गरिनुका साथै जोखिमका सम्भाव्य क्षेत्रहरु पहिचान गरी अनुसन्धानमा जोड दिइएको छ । सम्पत्ति शुद्धिकरण सम्बन्धी विषयमा आवश्यक अनुसन्धान र छानविन गर्न विभागको गठन भैसकेकोले त्यस विभागलाई सवलीकरण गर्ने कार्य भइरहेको छ । पांचौ विषय राजस्व प्रशासनलाई थप विशिष्टिकरण गर्न संरचनात्मक सुधार गर्ने छ । संरचनात्मक सुधारका लागि भन्सार विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षण भैसकेको छ भने आन्तरिक राजस्व विभागको लागि विज्ञ समूहको समिति गठन भई कार्य भइरहेकोले सोको प्रतिवेदन प्राप्त भएपछि सुझावहरु कार्यान्वयन गरिनेछ । उल्लेखित विषयको हालसम्मको प्रगतिलाई आधारमान्दा राजस्व नीतिले परिलक्षित गरेका उद्देश्यहरुको उपलब्धी सन्तोषजनक नै रहेको छ ।

**० मुलुकको समग्र राजस्व परिचालनको वर्तमान अवस्थाको बारेमा सचिवज्यूको धारणा के छ ?**

- हाल मुलुकमा परिचालन भएको आर्थिक श्रोत साधनमा आन्तरिक स्रोतको योगदान उत्साहजनक नैं छ । कर राजस्वको कूल गार्हस्थ उत्पादनसँगको अनुपातलाई हेर्ने हो भने यो लगभग १६ प्रतिशत रहेको छ भने कूल राजस्वको अनुपात करिब १८.५ प्रतिशत पुगेको छ । जुन दक्षिण एशियाली मुलुकहरुको तुलनामा राम्रो रहेको छ । चालु आर्थिक वर्षको राजस्व संकलनलाई विश्लेषण गर्दा वार्षिक राजस्व असुलीको करिब ४५ प्रतिशत राजस्व पुष महिनासम्म संकलन भई सकेको छ । पहिलो सात महिनासम्मको राजस्व संकलनको प्रगति लक्ष्य बमोजिम हासिल भैसकेको र बाँकी अवधिको राजस्व संकलनको लक्ष्य पनि पुरा हुने अवस्था रहेको छ । जसका लागि हरेक विभागले राजस्व असुलीका लागि रणनीतिक कार्ययोजना बनाई काम गरिरहेका छन् । आन्तरिक राजस्व परिचालन सबल

र सुदृढ हुँदै गईरहेको छ । यस परिप्रेक्षमा मुलुकको राजस्व परिचालनको अवस्थालाई मैले सन्तोषजनक रुपमा नै लिएको छु ।

**० नेपाल सरकारले भर्खरै कर फछ्यौंट आयोग गठन गरेको छ यसको कार्यक्षेत्रहरु के के रहेका छन् ?**

- कर विवादहरुलाई उपयुक्त ढंगबाट समाधान गरी कर संकलन गर्न एवं कर वक्यौता व्यवस्थापन गर्नको लागि नेपाल सरकारले कर फछ्यौंट आयोग गठन गरेको छ । कर कानूनहरु कार्यान्वयन गर्दा सिर्जना भएका विवादहरुलाई समाधान गर्ने स्थायी एवं विशिष्ट संयन्त्रको व्यवस्था कानूनमा नभएका कारण कर फछ्यौंट आयोग ऐन, २०३३ बमोजिम यो आयोग गठन भएको हो । यस आयोगको कार्यक्षेत्र निम्नानुसार छः

– हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भई सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधिन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय,

– विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका व्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधिन रहेका विषय,

– करदाताबाट एउटा राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने राजस्व रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला हुन गई कायम भएको बक्यौता सम्बन्धी विषय,

– आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय ।

विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कायक्षेत्र अन्तर्गत नपर्ने गरी निर्णय भएको छ ।

**० कर फछ्यौंट आयोगको गठनले करको दायरामा आई नियमित रुपमा कानुनको परिपालना गर्नेहरुलाई प्रोत्साहित गर्नुको सट्टा कर कानुनको परिपालनामा अटेर गरी बस्नेहरुलाई बढी प्रोत्साहित गर्छ भन्ने गरिन्छ । यसमा यहाँको धारणा कस्तो छ ?**

- मुलभूत रुपमा कर फछ्यौंट आयोगको मुख्य उद्देश्य कर प्रशासन र करदाता बीच रहेको विवादित कर दायित्वको सम्बन्धमा छोटो प्रकृया अवलम्बन गरी विवाद निरुपण गर्ने र विवाद निरुपणबाट कर रकम संकलन गर्ने हो । कर बक्यौता रकमको आकार तथा पुनरावलोकन र पुनरावेदनमा रहेका करदाताको संख्या बढी भएको र कर कानूनमा भएका व्यवस्थाको आधारमा मात्र यसलाई व्यवस्थित गर्न सक्ने अवस्था नभएकोले निश्चित समायावधिमा यस्तो आयोग गठन गरेर विवादित कर दायित्व फरफारक गराउँदा राज्य र करदाता बीचको सम्बन्ध सुमधुर हुन गई एकातर्फ समग्र मुलुकको आर्थिक वातावरण लगानीमैत्री हुन्छ भने अर्कोतर्फ आर्थिक स्रोतको दिगोपनामा समेत यसले सकारात्मक प्रभाव पार्दछ । त्यसैगरी विगत लामो समयदेखि रहेको बक्यौता रकम संकलनमा समेत योगदान पुग्न जान्छ ।

जहाँसम्म कानून परिपालना नगर्नेलाई प्रोत्साहित गर्ने भन्ने प्रश्न छ, यस आयोगले विवादित करका विषय निरुपण गर्ने र त्यसको प्रक्रिया छोटो हुने मात्र हो । करदाता र कर प्रशासनको बीच करारोपणका विषयमा देखिने विवादको उपयुक्त समाधानका लागि आयोगको गठन गरिएको हो । सामान्यतया कर तिर्न सक्ने क्षमताका आधारमा कर संकलन गर्नु पर्ने र कुनै कारणबाट करदाताको कर तिर्न सक्ने क्षमताभन्दा बढी कर निर्धारण भएको अवस्थामा ती कुराहरुको पहिचान गरी कर दायित्व यकीन गरी कर संकलन गर्ने वैकल्पिक व्यवस्थाको रुपमा कर फछ्यौंट आयोगलाई लिनु पर्ने हुंदा यसमा कानूनको परिपालना नगर्नेलाई प्रोत्साहित गरेको भन्ने विषय नै रहदैन ।

**० करिव रु. ५० अर्वको हाराहारीमा कर बक्यौता रहेको अवस्थामा यसले एकातर्फ व्यवसायीहरुको कर कानुनको परिपालनामा उदासिनताको संकेत गर्दछ भने अर्कोतर्फ राजस्व संकलनको लागि चुनौति समेत बढेर गएको छ । यस्तो अवस्थाको निराकरणका लागि के कस्ता योजनाहरु अगाडि बढाउनु भएको छ ?**

- राज्यलाई कर तिर्नुपर्ने दायित्व भएका व्यक्ति एवं निकायहरुले नियमित प्रक्रिया अनुसार तिर्नु बुझाउनु पर्ने कर समयमा नतिरी बक्यौता राख्नु उपयुक्त होइन । यसले गर्दा मुलुकको राजस्व परिचालनमा समेत नकारात्मक असर पर्ने कुरा निशन्देह छ ।

हालको कर बक्यौताको अंकलाई हेर्दा कूल बक्यौता मध्ये करिब रु.२८ अर्व बक्यौता नियमित प्रकृतिको रहेको छ भने बाँकी कर विवादका कारण रहेको बक्यौता देखिन्छ । नियमित बक्यौताको सम्बन्धमा तथ्यांक अद्यावधिक गरी सम्बन्धित करदाताहरुलाई चरणबद्ध रुपमा संकलन भ्रमण गर्ने, पत्राचार गर्नेदेखि कर कानून बमोजिम कानूनी कारवाहीको प्रकृया समेत पूरा गरी संकलन गर्ने कार्य गर्न मातहत निकायहरुलाई निर्देशन गरी सोको नियमित अनुगमन गर्ने कार्य मन्त्रालयले निरन्तर गरिरहेको छ । मातहत निकायहरुले पनि बक्यौता संकलनको लागि आवधिक कार्यगत लक्ष्यनिर्धारण गरी संकलन गर्दै आएका छन् । चालु आर्थिक वर्षमा यस्तो प्रकृतिको बक्यौता संकलनको लक्ष्य रु.७ अर्व रहेको छ ।

विवादित कर बक्यौताको लागि नेपाल सरकारले कर फछ्यौंट आयोग गठन गरि सकेको छ । यस आयोगले विवाद निरुपण गरी बक्यौता फरफारक गर्ने कार्यलाई फागुन महिनादेखि नै तदारुकताका साथ अगाडि बढाउने छ । कर बक्यौता असुलीका लागि गरिएका यी प्रयासहरुले राजस्व संकलन लक्ष्यमा पनि सकारात्मक योगदान पुऱ्याउने कुरामा म विश्वस्त छु ।

**० अर्थ मन्त्रालय अन्तर्गतका विभागहरु मध्ये आन्तरिक राजस्व विभागको मात्रै करिव रु ३ अर्व भन्दा बढी बेरुजु रहेको छ । जसले विद्यमान कानुनको परिपालनमा रहेका कमी कमजोरीलाई संकेत गर्दछ । यस सन्दर्भमा विद्यमान कानूनको परिपालनामा बढोत्तरी ल्याई बेरुजुमा उल्लेख्य कमी ल्याउन मन्त्रालयले के कस्ता कार्यनीतिहरु लिएको छ ?**

- आन्तरिक राजस्वको संरचना र आन्तरिक राजस्व विभागका कामलाई मध्यनजर गर्दा बेरुजू तीनवटा कारणले कायम भएको देखिएको छ । पहिलो, विनियोजित रकम खर्च गर्ने परिपाटिमा रहेका समस्याको कारणले, दोस्रो कर कानूनहरु स्वयंकर निर्धारणको सिद्धान्तमा

आधारित रहेको अवस्थामा करदाताले कर कानूनको प्रावधान र प्रक्रिया पालना नगरेको कारणले र तेस्रो कर प्रशासनले कर परीक्षण तथा अनुसन्धान गर्दा आधारभूत रुपमा हेर्नुपर्ने विषयवस्तुको बारेमा रहेका कमी कमजोरीले गर्दा बेरुजु कायम भएको पाइन्छ।

यी विभिन्न कारणले कायम हुने बेरुजूलाई फरफारक गर्नका लागि बेरुजूको वास्तविक कारण पहिचान गरी सोही अनुसारको रणनीति अवलम्बन गरिएको छ । जस्तो विनियोजित रकम खर्च गर्ने परिपाटीमा रहेको समस्याको कारण सिर्जना हुने बेरुजूको निराकरणका लागि विद्यमान आर्थिक ऐन नियमलाई कडाइका साथ परिपालना गर्न मैले मातहत निकायलाई निर्देशन गरेको छु । करदाताबाट कानूनको सहि परिपालना नभएर सिर्जना भएको वेरुजूको न्यूनिकरणको लागि करदाता शिक्षा र सचेतना तथा विभिन्न विषयगत विज्ञहरुसंग सघन छलफल र अन्तरक्रिया गर्ने नीति अनुरुप कार्य भैरहेको छ। त्यसैगरी परीक्षण तथा अनुसन्धानबाट सिर्जना हुने बेरुजूको निरुपण गर्न गुणस्तरीय कर परीक्षण आवश्यक रहेकोले तद्नुरुप विद्यमान जनशक्तिको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरी पेशागत दक्षतामा बढोत्तरी ल्याई गुणस्तरीय कर परीक्षणको सुनिश्चितता कायम गरिएको छ। यी कार्यनीतिहरुबाट कायम भएको बेरुजू फछ्र्यौटमा सहज हुने तथा आगामी दिनमा बेरुजू सिर्जना हुन नदिने अवस्था आउने कुरामा म विश्वस्त छु।

हाल कायम रहेको बेरुजूको कम्तिमा ७० प्रतिशत बेरुजू फरफारक गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखि कार्ययोजना सहित काम गर्न दिइएको निर्देशन अनुरुप कार्य भैरहेको र मन्त्रालयले समेत नियमित अनुगमन गर्दै आएको हुँदा यसमा सकारात्मक नतिजा आउने कुरामा म ढुक्क छु।

**० मन्त्रालय हाल आर्थिक वर्ष २०७२/७३ को बजेट निर्माणको संघारमा छ उक्त बजेटमा राजस्वसंग सम्बन्धित माथि उल्लेखित बक्यौता, बेरुजु तथा कानुनको परिपालना र राजस्व संकलनसँग सम्बन्धित समस्याहरु समाधान गर्ने कस्ता कार्यक्रमहरु आउलान् ?**

- विगत वर्षहरु देखि नै कर कानूनहरुलाई सरलीकरण गर्ने, राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई बढाउने गरी प्रणालीगत सुधार गर्ने, करको दायरा विस्तार गर्ने, प्रशासनिक क्षमता वृद्धि गर्ने तथा करदातामैत्री राजस्व प्रशासनको विकास गरी लगानीमैत्री वातावरण सिर्जना गर्ने तर्फ राजस्व नीति लक्षित छ। यी सबै नीतिहरुको उपयुक्त कार्यान्वयनले राजस्व प्रशासनमा अनुभूत भएका समस्याहरु क्रमशः समाधान भएका पनि छन । तसर्थ आगामी आर्थिक वर्षको वजेट निर्माणका क्रममा हामीले उल्लेखित उद्देश्यहरु प्राप्त हुने गरी राजस्व नीतिहरु तय गर्ने सोंचमा रहेका छौं । यसका साथै हाल कार्यान्वयनमा रहेका कर कानूनहरु तथा करको संरचनाका विषयमा अध्ययन गरी सुझाव प्रस्तुत गर्न उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भै कार्य गरिरहेको र २०७१ चैत्र मसान्तसम्म यसको प्रतिवेदन प्राप्त हुने भएकोले आगामी आर्थिक वर्षको राजस्व नीति त्यसै प्रतिवेदनका सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्ने गरी तय गर्नुपर्ने अवस्था हुन्छ। चालु वर्षमा गरिएका सुधारका प्रयासहरुको उपलब्धिको मापन गरी आगामी दिनमा प्राथमिकता दिनुपर्ने क्षेत्र पहिचान गरी तदनुरुप राजस्व नीतिहरु निर्धारण गर्ने तयारी अर्थ मन्त्रालयले गरिरहेको छ।

**० न्यून विजकीकरण एवं कारोवारको न्यून मूल्यांकनबाट ठूलो मात्रामा कर चुहावट हुने गरेको छ भनिन्छ । यसले एकातर्फ राज्यको ढुकुटी कमजोर हुन्छ भने अर्कोतर्फ बजार प्रणालीमा असर गर्दछ। यस्तो अवस्था निराकरणका लागि मन्त्रालयले के कस्ता रणनीति अवलम्बन गरेको छ ?**

- अत्यन्त सान्दर्भिक प्रश्न उठाउनु भयो। न्यून विजकीकरण र न्यून मूल्यांकन आज हाम्रो सामु समस्याको रुपमा रहेका छन्। यसले राजस्व संकलनमा मात्र नभई स्वस्थ्य बजार प्रतिस्पर्धामा समेत नकारात्मक असर पारेको कुरा पनि सत्य हो। तथापि स्थिति अत्यन्त नकारात्मक भने रहेको छैन। यस्ता किसिमका गलत कृयाकलापहरुलाई नियन्त्रण गर्नका लागि सही र पर्याप्त सूचना तथा तथ्यांकको आवश्यकता पर्दछ । जसको लागि हामीले विश्वसनीय तथ्यांकको आदान प्रदानका लागि अर्थमन्त्रालय मातहतका विभागहरु बीच अन्तर विभागीय सूचना सञ्जालको विकास गरेका छौं। भन्सार विभागको ASYCUDA, आन्तरिक राजस्व विभागको ITS र राजस्व अनुसन्धान विभागको DRICIS मा रहेका तथ्याङ्को प्रयोगलाई बढावा दिने नीति अवलम्बन गरेका छौं।

यसका लागि हामीले हाल गरिरहेको कर परीक्षण र अनुसन्धानको दायरालाई विस्तार गर्ने योजना अनुरुप करदाताहरुलाई साना, मझौला र ठूला गरी वर्गिकरण गरेर काठमाण्डौ स्थित क्षेत्र नं. १, २ र ३ कार्यालयहरुलाई मध्यम स्तरीय करदाता कार्यालय (Medium level Taxpayer Office) को अवधारणा अनुसार सञ्चालन गरेका छौं भने काठमाण्डौ स्थित करदाता सेवा कार्यालयको कार्य जिम्मेवारीमा विस्तार गरी परीक्षण र अनुसन्धानको जिम्मेवारी पनि दिइएको छ। यसबाट पनि केही सकारात्मक नतिजा आउने कुरामा म विश्वस्त छु। अर्कोतर्फ भन्सार जाँचपास पछिको परीक्षण (Post Clearance Audit)लाई अझ सघन रुपमा संचालन गर्न कर्मचारीको क्षमता अभिवृद्धि लगायतका कार्ययोजना ल्याउने तयारीमा छौं।

यसको अलावा भुक्तानी प्रणालीलाई बैकिङ्ग प्रणालीमा ल्याउने कार्यका लागि पनि हाम्रा प्रयासहरु केन्द्रित छन्। करदाताको वास्तविक तथ्यांक संकलन गरी सहि र यथार्थपरक मूल्यांकन एवं विजकीकरणको सुनिश्चितताका लागि कर परीक्षण एवं अनुसन्धानलाई अझ बढी जोड दिने नीति अनुरुप कार्य भैरहेको पनि छ। यी सवै प्रयासहरुका आधारमा पनि यर्थाथपरक मूल्यांकन र सही विल विजक जारी गर्ने गराउने कार्यका लागि मन्त्रालय निरन्तर रुपमा लागिरहेको छ।

**० प्रसंग बदलौं, हाल अर्थ मन्त्रालय मातहतका निकायमा पनि सदाचारिता माथि प्रश्न उठ्ने गरी केही घटनाहरु घटेका छन् । यस सन्दर्भमा यहाँको भनाई के छ ? के राजस्व प्रशासन सदाचारमुक्त भएको हो त ? राजस्व प्रशासनलाई सदाचारयुक्त बनाउन मन्त्रालयबाट के कस्ता प्रयासहरु भएका छन् ?**

- हामीले गलत क्रियाकलाप विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरेका छौं । मातहतका सवै निकायहरुमा आचार संहिताको व्यवस्था गरी सोको कडाईका साथ कार्यान्वयन गर्ने गराउने परिपाटीको व्यवस्था गरिएको छ। यस्ता नियन्त्रणका व्यवस्था लागू रहँदा रहँदै पनि कहीं कतै समस्या रहेको संकेतमात्र पाइए संलग्न कर्मचारीलाई जिम्मेवारीबाट मुक्त गर्ने, प्रशासनिक कारवाहीको प्रकृया अगाडि बढाउने जस्ता कामहरु गर्ने गरेका छौं । यति हुँदा हुँदै पनि छिटफुट रुपमा गलत क्रियाकलाप गर्ने कर्मचारीलाई कानून बमोजिम दण्डित गर्नका लागि Oversight Agency ले गरेका काम कारवाहीमा सदैव सहयोग पनि गरेका छौं । त्यसैले छिटफुट रुपमा देखिएका केही घटनाहरुको आधारमा मात्र समग्र राजस्व प्रशासन भित्र सदाचारिता सकिएको भनि हाल्न मिल्दैन किनकी आजको राजस्व प्रशासन सदाचारितायुक्त राजस्व प्रशासनको भूमिका निर्वाह गर्न सक्षम, अग्रणी र कटिबद्ध रहेको छ।

# प्रमुख कर प्रशासकहरूलाई महानिर्देशकको निर्देशन

काठमाडौं। आन्तरिक राजस्व विभागले आफ्ना मातहतका प्रमुख कर प्रशासकहरुसँग राजस्व लक्ष्य, राजस्व संकलन र कार्य सम्पादनमा भएका समस्यालाई लिएर अन्तर्क्रिया कार्यक्रम गरेको छ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले आगामी ६ महिनाको लक्ष्य हासिल गर्ने तर्फ सक्रिय भएर लाग्न कर प्रशासकहरुलाई निर्देशन दिनु भएको छ। उहाँले करको दायार विस्तार गर्ने सवालमा सरोकारवाला निकायहरुसँगको अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिन पनि आग्रह गर्नुभयो। करको दायरा भन्दा बाहिर धेरै करदाताहरु रहेकोले बजार अनुगमनलाई तिव्रता दिन जोड दिनुभयो। बजारमा नक्कली बील विजकले राजस्वमा गम्भीर असर परेको बताउनुहुँदै कर विवरण र आय विवरणलाई म्याचिङ गरेर हेर्न प्रमुख कर प्रशासकहरुलाई निर्देशन दिनुभयो। विवादित राजस्व असुलीलाई प्रभावकारी बनाउन कर फछ्र्योट आयोग गठन भइसकेकाले फागुनको पहिलो साताबाट आयोगले काम गर्ने बताउनुभयो। महानिर्देशक श्री शर्माले व्यवसायिक योजना बनाएर अघि बढ्न कार्यक्रममा निर्देशन गर्नुभयो।

उपमहानिर्देशक श्री राममणि दुवाडीले अन्तशुल्कमा राजस्व लक्ष्यको तुलनामा असुली कम भएको बताउनुहुँदै अनुगमनलाई निरन्तरता दिन आग्रह गर्नुभयो। नक्कली स्टिकरका सवालमा राजस्व अनुसन्धान विभागसँग सहयोग लिन तथा अवैध मदिरा नियन्त्रण गर्न जिल्लामा समितिको बैठक बसेर अनुगमन गर्न पनि निर्देशन दिनुभयो। त्यसैगरी कतिपय अवस्थामा करमा दर्ता गरी व्यवसायी भाग्ने प्रवृत्ति बढेकोले दर्ता प्रक्रयामा चनाखो रहन समेत निर्देशन दिनुभयो।



महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री राममणि दुवाडी र श्री चन्द्रकला पौडेल



कार्यक्रममा उपस्थित प्रमुख कर प्रशासकहरु

विभागका निर्देशक श्री लोकप्रसाद न्यौपानेले २०७२ वैशाख १ गतेदेखि मदिराको बोतलमा अनिवार्य रुपमा स्रिन्क क्याव लगाउनु पर्ने भएकाले आफ्ना कार्यालय अन्तर्गतका मदिरा उद्योगहरुको अनुगमन गर्न आग्रह गर्नुभयो। मदिरा व्यवसाय गर्न अनिवार्य रुपमा मूल्यअभिवृद्धि करमा दर्ता हुनुपर्ने बताउनुहुँदै बजार अनुगमनमा सचेत हुन आग्रह गर्नुभयो।

कार्यक्रममा देशभरीबाट आएका कर प्रशासकहरुले २५ हजार भन्दा बढी करदाता रहेको कार्यक्षेत्रमा करदाता सेवा कार्यालय विस्तार, बक्यौताको जटिलता, व्यवसायीहरुको पलायन, एनजीओहरुको दर्ता र ननफाइलर जस्ता विषयमा विभागले उचित सुझाव एवं निर्देशन दिई आवश्यक सहयोग र समन्वय गर्नु पर्ने भन्ने विषयमा जोड दिएका थिए।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## मदिराको बोतलमा पारदर्शी प्लाष्टिकको खोल (Shrink Cap) प्रयोग गर्ने बारेको अत्यन्त जरुरी सूचना

**आर्थिक ऐन, २०७१ अन्तःशुल्क दरबन्दीमा द्रष्टव्य १५ मा मदिराको बोतलमा टाँस गर्ने अन्तःशुल्क स्टिकरको सुरक्षाको लागि पारदर्शी प्लाष्टिकको खोल (Shrink Cap) को प्रयोग विभागले तोकेको मितिदेखि गर्नुपर्नेछ भन्ने व्यवस्था कार्यान्वयन गर्ने प्रयोजनको लागि मिति २०७२ साल वैशाख १ गते देखि सबै प्रकारका मदिरामा पारदर्शी प्लाष्टिकको खोल (Shrink Cap) प्रयोग गर्नुपर्ने गरी मिति तोकिएको छ। अतः मिति पश्चात् उद्योगबाट निष्काशन तथा पैठारी गरिने सबै प्रकारका मदिरा बिक्री वितरण गर्नु अगावै मदिराको बिर्कोमा पारदर्शी प्लाष्टिकको खोल (Shrink Cap) को प्रयोग गर्नु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

# आर्थिक ऐन २०७१ को विशेष व्यवस्थामा २७ हजार ५ सय १६ करदाता सहभागी

**काठमाडौं । आर्थिक ऐन, २०७१ ले करको दायरामा नआएका, कर विवरण/आय विवरण नबुझाएका, कारोबार फरक परेका (Mismatch) लगायतका करदातालाई लक्षित गरी २०७१ पुस मसान्तसम्म म्याद दिई विभिन्न मिन्हा तथा सुविधाहरुको व्यवस्था गरेको थियो। उल्लेखित सुविधाहरु २७ हजार ५ सय १६ करदाताले उपयोग गरी सोबाट रु ३९ करोड ४१ लाख ३४ हजार राजस्व प्राप्त भएको छ ।**

आर्थिक ऐन २०७१ ले करको दायरामा नआएका चिकित्सक, कलाकार, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, व्यापारी, उद्योगी, लगानीकर्ता, परामर्श सेवा प्रदायक, कमिशन एजेण्ट, सेवानिवृत्त, वहालवाला वा सार्वजनिक पदधारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायत जुनसुकै व्यक्ति वा निकायले आर्थिक वर्ष २०६९/०७० भन्दा अगाडिका वर्षहरूमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर दाखिला नगरेको भएमा आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० को आय विवरण र सोमा लाग्ने कर २०७१ साल पौष मसान्तसम्म दाखिला गरी स्थायी लेखा नम्बर लिएमा सोभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्न नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने व्यवस्था गरेकोमा यस अन्तर्गत २ हजार ४ करदाता सहभागी भई रु १ करोड २२ लाख ६९ हजार राजस्व प्राप्त भएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०६९/०७० वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने वार्षिक बीस लाखसम्म कारोवार भएका वा वार्षिक दुई लाखसम्म आय भएका कुनै पनि व्यक्तिले आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र ०६९/०७० को आय विवरण र सोमा लाग्ने आयकर २०७१ साल पौष मसान्तभित्रमा बुझाएमा सो भन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्न नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने र आर्थिक वर्ष २०६९/०७० वा सो भन्दा अघिसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर २०७१ साल पौष मसान्तभित्रमा बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने व्यवस्था अन्तर्गत १९ हजार २ सय ९ करदाता सहभागी भइ रु ८ करोड ६२ लाख ४४ हजार राजस्व प्राप्त भएको छ ।

त्यसैगरी पत्रकार एवं सञ्चार तथा प्रकाशन गृहले आर्थिक वर्ष २०६८/०६९ र २०६९/०७० को आय विवरण र सो बमोजिम तिर्नु पर्ने कर २०७१ साल पौष मसान्तभित्र बुझाई स्थायी लेखा नम्बर लिएमा सो अवधिभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने व्यवस्थामा १५ करदाता सहभागी भई रु ३८ हजार राजस्व प्राप्त भएको छ ।

सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई आयकर ऐन, २०५८ बमोजिम कर लाग्ने सहकारी संस्था वा संघले सम्बन्धित निकायमा पेश गरेको मान्यता प्राप्त लेखा परीक्षकबाट भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०६७/०६८, ०६८/०६९ र २०६९/०७० को आय विवरण र सोमा लाग्ने आयकर २०७१ साल पौष मसान्तसम्म दाखिला गरेमा सो भन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा हुने व्यवस्था रहेको थियो । सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) बमोजिम कर नलाग्ने सहकारी संस्था वा संघले मान्यता प्राप्त लेखापरीक्षकबाट भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० मा स्रोतमा करकट्टी गरी बुझाउनु पर्ने ब्याज कर, बहाल कर तथा अग्रीम आयकर लगायत कट्टी गर्नुपर्ने अन्य कर रकम २०७१ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने व्यवस्था गरेको थियो । जसमा ७ सय २९ करदाता सहभागी भई रु २७ लाख ४४ हजार राजस्व प्राप्त भएको छ ।

त्यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता नभई मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गरेका आर्थिक वर्ष २०६९/०७० सम्ममा बीस लाख रूपैयाँभन्दा कम कारोवार देखाई आयकर तर्फ पूर्वानुमानित कर विवरण बुझाईसकेका करदातामध्ये आर्थिक वर्ष २०७०/०७१ सम्मको आफ्नो कारोवार कम घोषणा गरी वास्तविक बिक्री अंक फरक पारेको करदाताले त्यस्तो कारोबारको २०७१ पौष मसान्तसम्म स्वयं घोषणा गरी मूल्य अभिवृद्धि करमा दर्ता भएमा त्यसरी फरक परेको बिक्री अंकको मूल्य अभिवृद्धि कर वापत तीन प्रतिशत र आयकर वापत दुई प्रतिशत रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुने व्यवस्था गरेको थियो। तर मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर छुट हुने बस्तु तथा सेवाको कारोवार गर्ने पूर्वानुमानित कर विवरण बुझाउने करदाताले आयकर वापत दुई प्रतिशत रकम बुझाएमा निजले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुने व्यवस्था रहेको थियो र ग्याँस तथा चुरोटको कारोवार गर्ने व्यवसायको हकमा फरक परेको बिक्री अंकको मूल्य अभिवृद्धि कर र आयकर वापत एकमुष्ट शून्य दशमलव पाँच प्रतिशत रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुने व्यवस्था बमोजिम ५ हजार ४ सय २७ करदाता सहभागी भई रु २७ करोड ३४ लाख ५३ हजार राजस्व प्राप्त भएको छ ।

त्यसैगरी शैक्षिक परामर्श सेवा प्रदान गरी कारोवार गरेका तर २०७१ साल असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता नगरेका संस्थाले २०७१ साल पौष मसान्तसम्ममा आफ्नो कारोवार मूल्य अभिवृद्धि करमा दर्ता गरेमा त्यस्ता संस्थालाई दर्ता हुनुभन्दा अगाडि लाग्ने मूल्य अभिवृद्धि कर र सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने व्यवस्था थियो । शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले तिर्नुपर्ने करका सम्बन्धमा २०७१ साल असार मसान्तसम्ममा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई विवादमा रहेको वा बक्यौता रहेको मूल्य अभिवृद्धि कर २०७१ साल पौष मसान्तभित्र दाखिला गरेमा त्यसरी कर निर्धारण गर्दाका बखत तथा कर निर्धारण पश्चात लागेको जरिवाना, थप दस्तुर र ब्याज समेत मिन्हा हुने व्यवस्थामा १५ करदाता सहभागी भई १ करोड १० लाख

बांकी ८ पेजमा...



अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

## नेपाल...

राजस्व विभागका निर्देशक श्री लेखनाथ शर्मा, अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका उपसचिव श्री चण्डिप्रसाद घिमिरे, कानुन, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयका उपसचिव श्री फणिन्द्र गौतम, परराष्ट्र मन्त्रालयका उपसचिव श्री रामेश्वर पौडेलको उपस्थिति रहेको थियो भने बंगलादेशबाट Mr Parvez Iqbal (Head of Delegation), Member (Tax Policy) of National Board of Revenue, Mr. Khandokar Khursid Kamal, First Secretary (IAO) National Board of Revenue, Mr. Khan Md Moinul Hossen, First Secretary (TPC) & CDA, Mr. Mohammad Barikul Islam, Second Secretary & Head of Chancery को उपस्थिति रहेको थियो।

यो सम्झौता कार्यान्वयन भएपछि नेपालसँग दोहोरो कर मुक्ति सम्झौता भएका देशको संख्या ११ पुग्ने छ भने मलेसिया, सिंगापुर, संयुक्त अधिराज्य, अमेरिका, जापान, क्यानडा, ब्राजिल, ओमानसँग चरणवद्ध सम्झौताका प्रकृयामा रहेको छ। मलेसियासँग पहिलो चरणको वार्ता सन् २०१३ सेप्टेम्वरमा सम्पन्न भै सकेको तथा क्यानडा र ब्राजिलमा नेपालले आफ्नो प्रस्ताव पठाइसकेको छ। त्यसैगरी UAE ले



महानिर्देशक श्री चुडामणि शर्मा र बंगलादेशी वार्ता टोलीका प्रमुख पर्वेज इकवालका साथ अन्य पदाधिकारीहरु

आफ्नो प्रस्ताव नेपाल पठाएको छ। मलेसिया र सिंगापुरसँगको दोस्रो चरणको वार्ता निकट भविष्यमा काठमाडौंमा हुने तय गरिएको छ। अब नेपालसँग आर्थिक रुपले नजिकको सम्बन्ध रहेका फ्रान्ससँग प्रकृया अगाडि बढाउनुपर्ने देखिन्छ।

## आर्थिक...

१० हजार राजस्व प्राप्त भएको छ।

त्यसैगरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता हुनु पर्ने कर्तव्य भएका तर दर्ता नभई कारोबार गरिरहेका क्रसर उद्योगले २०७१ साल पौष मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भएमा त्यस्ता उद्योगले दर्ता हुनुपूर्व गरेको करयोग्य कारोवारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुने व्यवस्था बमोजिम १ सय १७ करदाता सहभागी भई रु ८३ लाख ७६ हजार राजस्व प्राप्त भएको छ।

शून्य दरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन भएका वा हालसम्म शून्यदरको सुविधा नलिएका साना जलविद्युत आयोजना (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरू समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिवृद्धि कर वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिशमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम मूल्य अभिवृद्धि कर फिर्ता पाउन १ सय ६७ करदाताले निवेदन दिएकोमा रु २ करोड ९१ लाख ६८ हजार रुपैया फिर्ता माग भएको छ।

यसैबीच सरकारले उपलब्ध गराएको विशेष व्यवस्था अन्तर्गतको सुविधा उपयोगमा न्यून सहभागिता जनाई जिम्मेवार नागरिकको कर्तव्य पालना नगर्ने तथा करको परिपालनामा समेत अटेर गरी बस्ने करदाताहरुलाई हदैसम्मको कारवाही गर्ने योजना अनुरुप आन्तरिक राजस्व विभागले तयारी शुरु गरेको छ।

## राजस्व...

र रु. ३४ करोड संकलन भएको छ। यसरी शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२.२२ र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ११५.३९ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १४.७९ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फको वृद्धिदर १७.४२ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर १०.८५ प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर ३३.०४ प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर ३.९२ प्रतिशत रहेको जनाइएको छ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले राजस्व संकलनलाई उच्च प्राथमिकता दिई माघ महिनासम्मको राजस्व संकलनको लक्ष्य हासिल गर्ने, कर परीक्षण र अनुसन्धान कार्यलाई गुणात्मक रुपमा यथासमयमै सम्पन्न गर्ने, श्रोतमा गरिने करकट्टीको रकम समयमै कार्यालयमा दाखिला गर्न अनुगमन गर्ने तर्फ विशेष ध्यान दिनेलगायतका विषयमा जोड दिनु भएको थियो। श्री शर्माले बील विजक लिने दिने अवस्थाको लागि बजार अनुगमनलाई तिव्रता दिन आग्रह गर्नुहुँदै करदाताले राज्यलाई बुझाउनु पर्ने बक्यौता ठूलो मात्रामा रहेकाले त्यसलाई उठाउने तर्फ थप पहल गर्न जरुरी रहेको समेत बताउनुभयो। कार्यालयगत बेरुजु सम्परीक्षण गराई शून्य बनाउने तर्फ केन्द्रित भई अनुशासित एवं मर्यादित भएर कार्य सम्पादन गर्न निर्देशन दिनुभयो। त्यसैगरी राजस्व संकलनलाई उच्च प्राथमिकता दिई लक्ष्य हासिल गर्न, रु १ लाखभन्दा बढी बक्यौता राख्ने करदाताहरूको अभिलेख अद्यावधिक गरी कानुनी कारवाही गर्नु पर्ने भए सो समेत गरी असुल गर्न मातहतका प्रमुख कर प्रशासकहरुलाई निर्देशन दिनुभएको थियो।

उपमहानिर्देशक श्री राममणि दुवाडीले मूल्य अभिवृद्धि कर ऐनअनुसार क्रेडिट दावी गर्न पाउने तर अन्तशुल्क ऐन बमोजिम दावी गर्न नपाउने क्रेडिट तर्फ पनि विशेष ध्यान दिई कार्य सम्पादन गर्न आग्रह गर्नुभयो।

उपमहानिर्देशक श्री अर्जुनप्रसाद पोखरेलले विभागको समग्र लक्ष्य पूरा नभएको कारण पत्ता लगाउँदै त्यसमा सुधार गरी राजस्व संकलन लक्ष्य पूरा गर्ने तर्फ कार्यालयहरु जुझारु रुपमा लाग्नु पर्ने बताउनुभयो। बजार अनुगमनलाई तीव्रता दिन र सफलता प्राप्त गरेका कार्यालयहरुबाट सिक्न पनि आग्रह गर्नुभयो।

उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले गोदावरी घोषणा पत्रमा ५ अर्व बक्यौता संकलन गर्ने प्रतिवद्धता गरिएकोले तदनुरुप संकलन गर्न, घरबहाल कर बढी भन्दा बढी संकलन गर्न कर प्रशासन सक्रिय हुनुपर्ने लगायत राजस्व संकलनको विगत र वर्तमानको अनुपातको वारेमा समीक्षा गर्नु भएको थियो।

# मदिरा उत्पादकहरुसँग अन्तर्क्रिया

काठमाडौं। आन्तरिक राजस्व विभागले माघ ४ गते मदिरा उत्पादकहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले मदिरा उत्पादकहरुले कर प्रशासनको आँखा छलेर मनपरी गर्न थालेकाले विभागले हदैसम्मको कारवाही गर्ने बताउनु भएको छ। व्यवसायीलाई मर्यादित व्यवसाय गर्न सुझाव दिनुहुँदै मदिरा व्यवसायीलाई अनुगमन, नियमन गर्ने उत्पादक संघ जस्ता निगरानी एजेन्सीले सुखद रुपमा कार्य गर्न नसकेको समेत गुनासो गर्नुभयो। व्यवसायीले स्वस्थ व्यवसाय सञ्चालन गर्न जोड दिनुभयो।

मदिरा उत्पादकहरुले सुखको सोच राख्ने हो भने व्यवहार पनि सुखद हुनुपर्ने बताउनुहुँदै कर प्रशासनबाट अपराधको घटना देखिसकेपछि व्यवहार पनि सुखद नहुने बताउनुभयो। बजारमा नक्कली स्टिकर प्रयोग भएमा,



महानिर्देशक श्री चुडामणि शर्मासँग व्यवसायीहरु

स्टिकर नलगाईएका मदिराको बिक्री वितरण गरेको भेटिएमा विभागले कडा भन्दा कडा कारवाही गर्ने चेतावनी दिनुभयो। महानिर्देशक श्री शर्माले नक्कली स्टिकर र नक्कली नोट छाप्नु उस्तै अपराध भएको बताउनुहुँदै एउटा मात्रै नक्कली स्टिकर भेटिए पनि सम्बन्धित उद्योगलाई कारवाही गरिने बताउनुभयो। मदिरा उत्पादकहरुले मर्यादा कायम गरेर अघि बढ्नुपर्ने कुरामा जोड दिनुभयो।

त्यसैगरी मदिरा उत्पादकहरुले मूल्य सूचीको आधारमा कारोवार गर्ने वानीको विकास गर्नुपर्ने विषयमा जोड दिंदै मूल्य सूचीभन्दा कम दररेटमा कारोवार भएको पाइएमा हदैसम्मको कारवाही गरिने समेत बताउनुभयो। व्यवसायीका उचित समस्या भएमा विधिसम्मत रुपमा सोको समाधान गरिने भन्ने पनि श्री शर्माको भनाई थियो।

उपस्थित व्यवसायीहरुले पुराना ऐन, कानुनहरुमा पुनरावलोकन गरिनुका साथै भूलवस भएका कमजोरीलाई क्षमा दिन आग्रह गर्दै नियतवस गल्ती गरेकै भए कारवाही गर्न आग्रह गरेका थिए। मदिरा उद्यमी मात्रै खरावी हो कि कर प्रशासनको पनि केही कमजोरीहरु रहेका छन् त्यस तर्फ पनि विचार गर्नुपर्ने उनीहरुको धारणा थियो।

# cGtzNs ;DaGwL ;fdfGo 1fgx?

प्रस्तुती: युक्तप्रसाद सुवेदी
शाखा अधिकृत आन्तरिक राजस्व विभाग

१. सर्वप्रथम अन्तशुल्क लगाउने देश कुन हो ? **- हल्याण्ड**

२. हल्याण्डले कहिलेदेखि अन्तशुल्क लगाएको थियो ? **- चौधौं शताव्दीवाट**

३. भारतले अन्तशुल्कसम्वन्धी कानुनको सुरुवाता कहिलेवाट गरेको हो ? **- सन १९४४ (Central Excise & Sales Act)**

४. शुरुवातमा अन्तशुल्क कस्ता वस्तुहरुमा लगाइन्थ्यो ? **- विलाशिताका वस्तुहरूमा**

५. नेपालमा मुलुकी ऐन १९१० अनुसार अन्तशुल्क उठाउने कार्य कस्ले गर्दथ्यो ? **- रकम वन्दोवस्ती अड्डा**

६. रकम वन्दोवस्ती अड्डाले कुन कुन वस्तुमा अन्त:शुल्क उठाउथ्यो ? **- गाँजा, चरेश, सुंगुरको जग्गर, जडीवुटी आदीमा**

७. वि.स. २००७ सालसम्म अन्त:शुल्क कसरी उठाइन्थ्यो ? **-ठेक्का प्रथाबाट**

८. नेपालमा कहिले अन्तशुल्क संकलनमा लाईसेन्स प्रथा कायम गरियो ? **- वि.स. २००७ वाट**

९. नेपालमा प्रथमपटक अन्तशुल्क ऐन कहिले आएको थियो ? **- वि.स. २०१५**

१०. नेपालमा प्रथमपटक भन्सार तथा अन्तशुल्क विभागको स्थापना कहिले भएको थियो ? **- वि.स. २०१६**

११. अन्तशुल्क विभागको स्थापना कहिले भएको थियो ? **- वि.स. २०२३**

१२. अन्तशुल्क विभाग कहिले विक्रिकर विभागमा विलय भयो ? **- वि.स. २०५०/५१**

१३. आर्थिक वर्ष २०१८/१९ मा कति वस्तुमा अन्तशुल्क लगाइएको थियो ? **- ५ वस्तुमा**

१४. हाल अन्तशुल्क कति वस्तु तथा सेवामा लाग्दछ ? **- ५४ वस्तु तथा सेवाको समूहमा**

१५. हालको प्रति एल.पि.लिटर रक्सीको अधिकतम अन्तशुल्कको दर कति रहेको छ ? **- रू ८४८ (१५ यु.पि.मा ४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको**

१६. अन्तशुल्क कस्तो कर हो ? **- अप्रत्यक्ष कर**

१७. अन्तशुल्क ऐन २०५८ कहिले जारी भएको हो ? **- २०५८/१०/१७**

१८. अन्तशुल्क नियमावली कहिलेदेखि लागू भएको हो ?**- २०५९/03/२४**

१९. हाल अन्तशुल्क कुन कुन प्रणाली अर्न्तगत संकलन गरिन्छ ? **- भौतिक नियन्त्रण प्रणाली र स्वयं निष्कासन प्रणाली**

२०. भौतिक नियन्त्रण प्रणाली अर्न्तगत उत्पादनमा कुन कुन वस्तुलाई राखिएको छ ? **- मदिरा र चुरोट**

२१. सुर्तीजन्य पदार्थ (चुरोट र विडी वाहेक) मा टिकट टाँस गर्ने निर्देशिका २०७० वमोजिम सुर्तीको वाहिर आउटरको तौल कति हुनुपर्ने तोकिएको छ ? **- 800 ग्राम**

२२. सुर्तीजन्य पदार्थ (चुरोट र विडी वाहेक) मा टिकट टाँस गर्ने निर्देशिका २०७० वमोजिम गुट्खाको वाहिर आउटरको तौल कति हुनुपर्ने तोकिएको ? **- १५0 ग्राम**

२३. अन्तशुल्क इजाजतपत्र कहिले नविकरण गराउनु पर्दछ ? **- हरेक वर्ष श्रावण महिनाभित्र**

२४. अन्तशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्न छोडेमा कति दिनभित्र त्यसको जानकारी अन्तशुल्क अधिकृत समक्ष दिनुपर्दछ ? **- १५ दिनभित्र**

२५. अन्तशुल्क अधिकृतले अन्तशुल्क इजाजापत्रको स्थगन गर्नुपर्ने वा नपर्ने निर्णय इजाजत पत्रवालाले निवेदन दिएको कति दिनभित्र गरिसक्नुपर्दछ ? **- 30 दिनभित्र**

# आन्तरिक राजस्व कार्यालय, धनगढी

## परिचय

आन्तरिक राजस्व सम्बन्धी सेवा प्रदान गर्ने निकायहरुलाई एकिकृत गरी सेवालाई छिटो छरितो मितव्ययी र करदातामैत्री बनाउने उद्देश्यले २०५९ साल बैशाख १ गते साविकको कर विभाग र मूल्यअभिबृद्धि कर विभागलाई गाभेर आन्तरिक राजस्व विभाग गठन भएको हो। सोही सिलसिलामा साविकको कर कार्यालय धनगढी र मूल्यअभिबृद्धि कर कार्यालय धनगढी गाभिएर आन्तरिक राजस्व कार्यालय धनगढी स्थापना भएको हो। यस कार्यालयको कार्य क्षेत्र सेती अञ्चलका कैलाली, डोटी, अछाम, बझाङ र बाजुरा जिल्लाहरु पर्दछन् । कार्यालयले हाल २१ कठ्ठाजग्गा भोगचलन गरिरहेको छ। भवन तर्फ कार्यालय भवन तथा कार्यालय प्रमुख, अधिकृत कर्मचारी र अन्य कर्मचारी आवास गृह गरी चारबटा भवनहरु प्रयोगमा रहेका छन् । कार्यालयको लागि हाल भोग गरिरहेको जग्गा प्रर्याप्त भए पनि जग्गाधनी पुर्जा कार्यालयको नाममा नभएकोले सो लिनु पर्ने अवस्था छ । अधिकृत आवास गृह निर्माणको लागि लागत अनुमान र नक्सा तयार भइ सकेको अवस्था छ। यस कार्यालयको २५ स्वीकृत दरबन्दी मा सेवा करारका समेत गरी २८ जना कर्मचारी कार्यरत रहेका छन्। यस कार्यालय अन्तर्गत हाल कूल ४५६७२ करदाता करको दायरामा रहेका छन्। यो संख्या कार्यलयको कार्यक्षेत्र अन्तर्गत गर्ने जिल्लाका कूल जनसंख्याको १.८ प्रतिशत हुन आउँदछ । कार्यालयको समग्र कार्यसम्पादनस्तर २०७१ पौष मसान्तसम्म ८८.२४ प्रतिशत सहित A+ को अवस्थामा रहेको छ। कार्यालय अन्तर्गत सेवा लिइरहेका करदाताहरुको विषयगत रुपमा विवरण देहायअनुसार छ :

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | व्यक्तिगत स्थायी लेखा नं. | १६०९९ |
| २. | व्यवसायिक स्थायी लेखा नं. | २९५७३ |
| ३ | मू.अ. कर | ३०३५ |
| ४. | अन्तशुल्क | १९९८ |


उक्त करदाताहरु मध्ये चालु आ.व.को पौष मसान्तसम्म ६४१८ थप



करदातालाई करको दायरामा ल्याइएको हो । चालु आ.व.को पौषमसान्त सम्म २०४६२ करदाताले आयविवरण तथा वित्तीय विवरण पेश गरेका छन् । पेश भएका विवरणहरु मध्ये वित्तीय विवरण बाहेक अन्य सबै विवरणहरु अनलाइन प्रणालीबाट प्राप्त भएका छन्। मू.अ. कर तर्फका सबै विवरण र आय विवरणहरु करदाताले स्वयं रुजु गरी अनलाइन मार्फत पेश गर्ने गरेका छन् ।

## कार्यप्रवाह तालिका :

कार्यालयले शाखागत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ। कार्ययोजना अनुसारका उपलब्धीहरुको पाक्षिक रुपमा प्रगति समीक्षा गर्ने गरिएको छ । यसबाट कार्यात्मक लक्ष्य हासिल हुनमा सहयोग पुगेको छ । कार्यालयको कार्यप्रवाह तालिका देहाय अनुसार रहेको छ




## वार्षिक बजेट तथा कार्यक्रम

यस कार्यालयको लागि चालु आ व २०७१/७२ मा चालु तर्फ रु १ करोड ५९ लाख ५ हजार र पूँजीगत तर्फ रु १ करोड १३ लाखगरी रु २ करोड ७२ लाख ५ हजार बजेट विनियोजन भएको थियो । २०७१ पौष मसान्त सम्म चालु तर्फ रु ७२ लाख ३० हजार अर्थात् ४५ प्रतिशत खर्च भएको छ । पूँजीगत तर्फ रु ३७ लाख १८ हजार खर्च भई ३३ प्रतिशतको उपलब्धि हासिल भएको छ। कार्यालय प्रमुखको आवासगृहको निर्माण सम्पन्न भएको छ ।

## अभिलेख व्यवस्था

करदाताहरुका फायल खोजेको बखत सहज ढंगले फेला पर्ने गरी फाइलिङ सफ्टवेयर तयार गरिएको छ । फायल खोजी गर्दा निजको बक्यौता बेरुजु र मिस्म्याचको अवस्था समेत देखिने गरी अभिलेख व्यवस्थापन गरिएको छ । यसबाट करदाताले एकै स्थानबाट सबै सेवा पाइरहेको अवस्था छ । फाइलिङ कक्ष साँघुरो भएकोले कोठा थप गर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

## लक्ष्य र संकलनको प्रगति :

२०७१ पौष मसान्त सम्मको राजस्व लक्ष्य र संकलन देहाय अनुसार रहेको छ।

| राजस्व शिर्षक | २०७१/७२ को वार्षिक लक्ष्य | २०७१/७२ पौषसम्मको लक्ष्य | २०७१/७२ पौषसम्मको असुली | प्रगति प्रतिशत | २०७०/७१ पौषसम्मको असुली | गत आर्थिक वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| आयकर | ५४४२८० | २३७२४८ | १६५५५६ | ७० | २००९४० | -१८ |
| बहालकर | ४९२७५ | २५२८६ | १२९०२ | ५१ | ११४७४ | १२ |
| ब्याजकर | २५२०५ | ९२६८ | १०१५० | ११० | ७३५५ | ३८ |
| आयकर तर्फ जम्मा | ६१८७६० | २७१८१२ | १८८५७४ | ६९ | २१९७६९ | -१४ |
| मू.अ. कर | ४०८६४० | २०४४२७ | १९२९६३ | ९४ | १७१३५६ | १३ |
| अन्तःशुल्क | १७८६७४ | ६३३९२ | १५८५४७ | २५० | ५२१०१ | २०४ |
| शिक्षा सेवा शुल्क | ३५१८ | २२५१ | २३६६ | १०५ | १८९२ | २५ |
| स्वास्थ्य सेवा कर | १०८६ | ७३८ | ७५५ | १०२ | ६३६ | १९ |
| जम्मा | १२१०६७८ | ५४२६२० | ५४३२३९ | १०० | ४४५७५४ | २२ |

कार्यालयका लागि निर्धारण गरिएको मासिक लक्ष्य विभाजन नमिलेको र ठूला करदाता कार्यालयमा सरेका फायलको राजस्व लक्ष्य समायोजन नभएको कारण पौष महिनासम्ममा केही राजस्व शीर्षकमा लक्ष्यको तुलनामा संकलन कम भएपनि समग्रमा राजस्व संकलन पुगेको र बृद्धि प्रतिशत पनि अपेक्षाकृत छ। आन्तरिक राजस्व विभागले फायल सरेको आधारमा राजस्व लक्ष्य समायोजन गरिसकेकोले आउने महिनादेखि शीर्षकगत राजस्व संकलन पुग्ने अपेक्षा गरिएको छ।

## सम्पादन गरिएका उल्लेख्य कार्यहरु

- शाखागत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको,
- कार्यालयमा पेश हुने आयकर र मू.अ. करका शतप्रतिशत विवरणहरु करदाता स्वयंले रुजु गरी अनलाइन मार्फत पेश गर्ने व्यवस्था मिलाइएको
- मू.अ. कर तर्फको नन् फाइलर एकल अंकमा राखिएको,
- कार्यालयको सेवालाई सेवाग्राहीबाट स्वतन्त्र रुपमा मूल्याङ्कन गराउन सेवा मूल्याङ्कन फारम प्रयोगमा ल्याइएको,
- बक्यौतालाई व्यवसायको प्रकृतिअनुसार बर्गीकरण गरी बढी जोखिम रहेका बक्यौतालाई प्राथमिकता पूर्वक असुली गर्न थालिएको,
- जिल्ला जिल्लामा करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी करदातालाई करको विषयमा जागरुक बनाइएको,
- कार्यालयको परिसरमा रहेको कैलाली उद्योग वाणिज्य संघको सेवा कक्षबाट करदातालाई सहज रुपमा सेवा प्रदान भइरहेको । सरकारी निजी क्षेत्रको साझेदारीको यो नमुना रहेको ।

## कार्यसम्पादनको क्रममा देखिएका समस्याहरु :

- कार्यालयको कार्य क्षेत्रको तुलनामा विद्यमान जनशक्ति कम भएकोले कार्यगत लक्ष्य हासिल गर्न कठिनाइ भएको,
- भौतिक स्रोत साधनहरु जस्तै कर्मचारी आवास, चमेना गृह तथा कार्यकक्षको सुधार, सवारी साधन आदिको अभावका कारण कार्यसम्पादनमा समेत कठिनाइ भइरहेको ।
- राजस्व संकलनलाई सहज बनाउन कार्यालय परिसरमा बैंक काउण्टर अति आवश्यक रहेको

## आगामी दिनमा गर्नु पर्ने सुधारहरु

- कार्यालयको भौतिक संरचनाहरु थप गर्नु पर्ने,
- राजस्वको दायरा बढाउन सकिने सम्भावित क्षेत्रहरुको पहिचान गरी दायरा विस्तार गर्ने,
- करदाताहरुलाई कर सम्बन्धी विषयमा जानकारी गराउन विभिन्न स्थानहरुमा करदाता शिक्षा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,
- बक्यौताको बर्गिकरण गरी बढी जोखिम रहेका र लामो समयदेखि ठूलो रकम बक्यौता रहेका करदाताहरुलाई बक्यौता असुलीका लागि हदैसम्मको कानुनी कारबाही गरी बक्यौता असुलीलाई अभियानको रुपमा लैजाने,
- मू.अ. कर तर्फको नन फायलरलाई एकल अंकमा कायम राखी आयकर तर्फको नन फायलरलाई २० प्रतिशतमा झार्ने,
- पहाडी जिल्ला लगायतका कार्यक्षेत्रमा घुम्ती शिविरहरु सञ्चालन गरी कर सम्बन्धी सेवालाई टोल टोलमा पुऱ्याउने
- नियमित गरिने बजार अनुगमनलाई थप प्रभावकारी बनाई बिलिङ प्रणालीलगायत करको पालनामा बढोत्तरी ल्याउने,
- कर जोखिमका आधारमा करदाताको पहिचान गरी करपरीक्षण र अनुसन्धानका कार्यहरु संचालन गरिने,
- फाइलिङ कक्ष थप गरी अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने
- पुराना बक्यौता लगतलाई अद्यावधिक गरी असुली र फर्छ्यौट कार्यलाई तिव्रता दिइने
- कार्यालयलाई तोकिएका कार्यात्मक लक्ष्य हासिल गरी कार्यालयको समग्र कार्यसम्पादन स्तर ए प्लस प्लस (A++) मा कायम राख्ने

## विभागसंग गरिएको अपेक्षा

- रचनात्मक र उत्प्रेरक सुझाव र निर्देशन प्रदान गरिदिन
- कार्यालयको कार्यक्षेत्र र करदाता संख्याको आधारमा कर्मचारीको दरबन्दी बृद्धि गरिदिन
- कार्यालयको भौतिक संरचनाहरूको निर्माण र सवारी साधन लगायतको आवश्यक व्यवस्थापन गरिदिन
- कार्यालयमा कार्यरत कर्मचारीहरूलाई समयसापेक्ष तालिमको व्यवस्था मिलाइदिन
- राजस्व संकलन र अन्य कार्यगत लक्ष्यहरूलाई व्यवहारिक किसिमले संशोधन गरिदिन

# आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज




## परिचय

राजस्व प्रशासनलाई अझ बढी चुस्त, सरल, पारदर्शी र करदातामैत्री बनाउने उद्देश्यका साथ साविकको कर कार्यालय र मूल्य अभिवृद्धि कर कार्यालय गाभिएर यस कार्यालयको स्थापना भएको हो । यस कार्यालयले भेरी र कर्णाली अञ्चलमा रहेका १० वटा जिल्लाहरुको राजस्व प्रशासन सम्बन्धी कार्य गर्दछ । यस कार्यालय अन्तर्गत जुम्ला र सुर्खेत गरी २ वटा करदाता सेवा कार्यालय रहेका छन् । यस कार्यालयको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत बाँके जिल्लाको नेपालगञ्ज नगरपालिका (हाल नेपालगञ्ज उप-महानगरपालिका) अन्तर्गत वार्ड नं ८ क र ८ ख मा गरी करिव १ बिगाह १८ कट्ठा को क्षेत्रफलमा कार्यालय भवन तथा कर्मचारी आवास गृह गरी जम्मा ८ वटा भवन रहेका छन् । कार्यालयको स्वीकृत दरवन्दी २३ रहेकोमा करार सेवा समेत गरी ३६ कर्मचारी कार्यरत रहेका छन् । आ.व. २०७०/७१ सम्ममा यस आन्तरिक राजस्व कार्यालय अन्तर्गत आयकरतर्फ ३१५९४, व्यक्तिगत स्थायी लेखा नं. तर्फ १६१५३, अन्तःशुल्कतर्फ ३१०८ र भ्याटतर्फ ४६६३ करदाता दर्ता भएका छन् । चालु आ.व. ०७०/७१ मा ३२२० करदाता आयकरमा दर्ता भएका छन् भने २४१ जना करदाता मू.अ.कर र ३९७ जना अन्तःशुल्कमा दर्ता भई नियमित सेवा लिइरहेका छन् । करदाताहरुलाई **e-system** मा आवद्ध गरी **Online** विवरण पेश गर्न प्रेरित तथा सहजीकरण गरिदै लगिएको छ । आफै **Online** मार्फत विवरण भर्न नसक्ने कदाताहरुका लागि उद्योग बाणिज्य संघ नेपालगञ्जको सहयोगमा विवरणहरुलाई **Online** मार्फत **Entry** गर्नका लागि प्रोत्साहित गरिएको छ ।

## बार्षिक बजेट तथा कार्यक्रमः

यस कार्यालयका लागि चालु खर्चतर्फ रु. १,८४,३७,०००।- रहेको र बार्षिक कार्यक्रममा प्रशासनिक खर्च संचालन गर्ने र कर सम्बन्धी विभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने रहेको छ भने पूँजीगत खर्चतर्फ रु. १,३८,००,०००।- रहेको छ । पूँजीगत खर्चतर्फ नयाँ कार्यालय भवन निर्माण गर्ने, कार्यालयका लागि नयाँ जेनेरेटर खरिद, फर्निचर तथा फिक्स्चर्स, कम्प्युटर खरिद, कार्यालय तथा कार्यालय आवास गृहको मर्मत संभार गर्ने र अन्य मेसिनरी औजार खरिद गर्ने आदि रहेका छन् ।

## अभिलेख व्यवस्थापन :

कार्यालयले करदाताहरुका अभिलेख व्यवस्थापनका लागि कम्प्यूटर प्रणालीबाट करदाताका फाइलहरु दर्ता गरी राख्ने गरिएको र करदाताहरुका फाइलहरुलाई चाहिएका बखत प्राप्त गर्ने गरी व्यवस्थापन गरिएको छ ।

## लक्ष्य तथा संकलनको अवस्था :

आ.व. २०६७/०६८ मा राजस्व संकलनको बार्षिक लक्ष्य रु ७३,४७,०२,०००।- रहेकोमा रु. ७७,२२,०१००।- अर्थात लक्ष्यको १०५.१० प्रतिशत संकलन भएको थियो । आ.व. २०६८/०६९ मा बार्षिक लक्ष्य रु. ८६,५८,३४,०००।- रहेकोमा रु. ९४,०१,५९,०००।- अर्थात लक्ष्यको १०८ प्रतिशत संकलन भएको थियो भने आ.व. २०६९/०७० को बार्षिक लक्ष्य रु १,१३,२६,९७,०००।- रहेकोमा रु १,१४,३६,६५,०००।- संकलन अर्थात लक्ष्यको १०१ प्रतिशत संकलन भएको थियो । आ.व. २०७०/०७१ को बार्षिक लक्ष्य रु १,४१,९५,६१,०००।- रहेकोमा रु. १,४३,२८,६२,०००।- अर्थात लक्ष्यको १०१ प्रतिशत असुली भएको थियो । आ.व. २०७१/०७२ को बार्षिक असुलीको लक्ष्य रु. १,६७,७१,३८,०००।- र आ.व. २०७१/०७२ को पौष मसान्त सम्मको लक्ष्य रु. ७८,०७,९०,०००। रहेकोमा २०७१ पौष मसान्तसम्म रु. ७५,४५,१८,०००।- अर्थात लक्ष्यको ९६.६४ प्रतिशत संकलन भएको छ । विगतको राजस्व संकलनको प्रवृत्तिलाई हेर्दा कार्यालयको कार्य क्षेत्र सर्वाधिक ठूलो र भौगोलिक आधारमा पनि विकट भएतापनि बिभिन्न समस्या तथा चुनौतीका बावजुत पनि राजस्व संकलनको प्रवृत्ति सन्तोषजनक रही प्रत्येक बर्ष क्रमिक रुपमा वृद्धि पनि हुँदै गएको देखिन्छ ।

## कार्य सम्पादनमा आईपरेका समस्याहरुः

कार्यक्षेत्रको फैलाबट र भौगोलिक विकटताका कारण सबै क्षेत्रमा निर्धारित समयमा जति सेवा दिनु पर्ने हो त्यति दिन सकिएको छैन । ती क्षेत्रमा कर सम्बन्धी प्रयाप्त चेतनामुलक कार्यक्रम संचालन गर्न पनि सकिएको छैन । समय समयमा विना सूचना लामो समयसम्म विद्युत कटौति हुँदा विद्युतबाट चल्ने यन्त्र उपकरणहरु बिग्रीरहने, विद्युतको अभावमा कम्प्यूटर लगायतका उपकरण प्रयोग गर्न कठिनाइ हुने गरेको छ । कार्यालयका भवनहरु पुराना

तथा जीर्ण भइसकेका, कार्य गर्न स्थानको अभाव, कर्मचारीहरुमा तालिमको अभाव, करदाताहरुमा सरकारलाइ तिरेको कर हाम्रै लागि हो त्यसैले कर तिर्नुपर्छ भन्ने भावनाको कमी, बेरुजु, बक्यौता असुली तथा कर परीक्षणमा पर्याप्त समय दिन नसकिंदा लक्ष्य अनुसार प्रगती हासिल गर्न नसकिने र करदाताहरुलाई अझ बढि कर सम्बन्धी शिक्षा दिन नसक्नु आदि समस्याहरु रहेका छन्।

### अगामी दिनमा गर्नुपर्ने सुधार

- खरिद बिक्री लुकाउने कार्यलाई निरुत्साहित गर्नका लागि उद्योग, प्रतिष्ठान, डिलर, थोक विक्रेता आदिहरुलाई अनिवार्य रुपमा विलिङ्ग सिस्टम प्रभावकारी रुपमा लागू गर्न लगाउनु पर्ने
- आर्थिक करोवार गर्ने व्यक्ति तथा संस्थाहरुलाई कारोवार शुरु गर्दा, नविकरण गर्दा वा अन्य सेवा सुविधा लिंदा **PAN** अनिवार्य गर्नु पर्ने
- धारा, बिजुली, टेलिफोन जडान तथा महसुल बुझाउने जस्ता कार्यका लागि पनि **PAN** अनिवार्य गर्नुपर्ने

### अन्य नियकाहरुसंगको अपेक्षाः

- उद्योग बाणिज्य संघको सहकार्यमा **Business PAN** दर्ता गर्ने, **PAN** बाट **VAT** मा **Upgrade** गर्ने, **E-Filling** गर्ने, **Mismatch** मा परेका करदाताहरुलाई सूचना प्रवाह गर्ने कार्यमा सहयोगको अपेक्षा गरिएको छ।
- घरबहाल सर्भेक्षण तथा संकलन गर्ने कार्यको लागि नेपालगंज उपमहानगरपालिका संग समन्वयको अपेक्षा गरिएको छ ।
- बिभिन्न नयाँ घोषणा भएका नगरपालिकासंग समन्वय गरी नगरपालिकालाई लागू हुने पूर्व अनुमानित आयकर, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर, मदिरा इजाजत पत्र दस्तुर र सहकारीलाई लाग्ने कर सम्बन्धी सम्बन्धित करदाताहरुलाई जानकारी गराउने।
- होटल व्यवसायी संघको समन्वयमा मदिरा सम्बन्धि कार्य गर्ने होटलहरुलाई मदिराको इजाजतपत्र जारी/नविकरण गर्न लगाउने।

# कर परीक्षण तथा अनुसन्धान विषयक तालिम सम्पन्न

काठमाडौं। आन्तरिक राजस्व विभाग योजना तथा मानव संशाधन शाखाको कार्ययोजनामा विभाग र अन्तरगत कार्यरत कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र मनोवृत्तिमा सुधारका लागि क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने क्रममा २०७१ माघ ११ देखि १८ गतेसम्म ६ दिन 'कर परीक्षण तथा अनुसन्धान विषयक तालिम' सम्पन्न भएको छ।

कार्यक्रमको समापनमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुहुँदै सहभागीहरुलाई आफ्नो कार्य सम्पादन गर्दा विधिको पालना गरी, विवेकशील र व्यवहारिक ढंगले जिम्मेवार भएर प्रस्तुत हुन आग्रह गर्नुभयो । साथै निरन्तर अध्ययन गरी विषयवस्तुको बारेमा अद्यावधिक भैरहन र जिज्ञासु बन्न निर्देशन समेत दिनुभयो। श्री शर्माले तालिमका सहभागीहरुलाई सञ्चालन गरिएका तालिमका विभिन्न विषयसँग सम्बन्धित रहेर वस्तुगत प्रश्नहरु समेत गर्नु भएको थियो।

कार्यक्रममा उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले तालिमको प्रभावकारिता सहभागीहरुको ज्ञान, सीप र मनोवृत्तिमा परिवर्तन आए नआएको विषयले निर्धारण गर्ने भन्नुहुँदै एउटा तालिम कार्य सम्पादनमा पर्याप्त हुने नभै यसले कानुनको व्याख्या र प्रयोगमा सहयोग पुऱ्याउने विषय मात्र भएको उल्लेख गर्नुभयो। तालिममा सहभागीहरुले तालिम ज्यादै उपयोगी भएको विचार राख्नुका साथै कर परीक्षण र अनुसन्धानको शुरुदेखि अन्त्यसम्मका चरणहरुको बारेमा सैद्धान्तिक एवं व्यवहारिक ज्ञान सीप भएको, कतिपय द्विविधा भएका विषयहरु निवारण भएको, विभाग अन्तर्गतकै श्रोत व्यक्तिहरु भएको हुँदा तालिम राम्रो रहेको, अहिलेसम्म लिएका तालिममध्ये सवैभन्दा राम्रो तालिम रहेको भन्नुहुँदै तालिममा सिकेका कुराहरु आफूहरुले कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।



महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशक श्री चन्द्रकला पौडेल र निर्देशक श्री मदन दाहाल

उक्त तालिमबाट कर परीक्षण एवं अनुसन्धानमा संलग्न रहेका तर यस अधि सो तालिम नलिएका अधिकृत कर्मचारीहरुलाई कर परीक्षण र अनुसन्धान विषयमा जानकारी गराई कार्यालयहरुको कर परीक्षण र अनुसन्धानको गुणस्तरीयता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
आन्तरिक राजस्व विभागको

## बहालधनीहरु करको दायरामा आउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई बहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

# पर्यटक यातायात व्यवसायी संघसँग अन्तर्क्रिया

काठमाडौं । नेपाल पर्यटक यातायात व्यवसायी संघको आयोजनामा आन्तरिक राजस्व विभागसँग माघ २२ गते बिहिवार 'पर्यटक यातायात सेवामा मूल्य अभिवृद्धि कर कानुन र व्यवहार' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले सरकारले पुस मसान्तसम्म व्यवसायीका लागि विशेष व्यवस्था गरेको र करको दायरामा नआउने, अटेर गर्नेहरुलाई कारवाही गर्न कर प्रशासन सबै कार्यालयहरुमा पुग्ने बताउनु भएको छ। सबै पर्यटक यातायात व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता दर्ता हुनुपर्ने बताउनुहुँदै यसमा कुनै थ्रेस होल्डको व्यवस्था नभएको बताउनुभयो । यदि कहीं कतै दर्ता नगरी व्यवसाय गरेको भेटिए कारवाही गर्न मातहतका करदाता सेवा कार्यालय र आन्तरिक राजस्व कार्यालयलाई निर्देशन दिएको समेत बताउनुभयो । करको दायरामा आएका र नआएका बीचमा प्रतिस्पर्धा हुन नसकेको व्यवसायीहरुको गुनासो तर्फ विभागले कदम चाल्ने भएकाले आफ्नो व्यवसायप्रति व्यवसायी सचेत हुन आग्रह गर्नुभयो । व्यवसायीलाई परेका समस्याहरु समाधान गर्न एक महिना भित्र साझा निर्देशिका तयार गर्न आफू तयार रहेको र यस्तो निर्देशिका व्यवसायीबाटै वितरण हुन सके विभिन्न किसिमका अपव्याख्या, अन्यौलको निराकरण हुने र कर सम्बन्धी व्यवसायीमा रहेको डर हट्ने उहाँको भनाइ थियो ।

महानिर्देशक श्री शर्माले सरकारले कर पुनरावलोकनको लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरेको बताउनुहुँदै वस्तुनिष्ठ र रचनात्मक सुझाव प्रस्तुत गरे त्यो आगामी दिनका लागि मार्ग दर्शन हुने भएकाले सुझावहरु प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरेले कार्यपत्र प्रस्तुत गर्नु हुँदै कुनै पनि व्यवसाय सञ्चालन गर्नु अघि सम्बन्धित निकायमा दर्ता गर्नुपर्ने र कर प्रयोजनको लागि व्यवसाय सञ्चालन गर्नु अघि स्थायी लेखा नम्बर अनिवार्य रुपमा लिनुपर्ने बताउनुभयो । मूल्यअभिवृद्धि करमा पर्यटन व्यवसाय अन्तर्गतका ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, ट्रेकिङ व्यवसाय अनिवार्य रुपमा दर्ता



पर्यटक यातायात व्यवसायी संघको कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा


कार्यक्रममा उपस्थित व्यवसायीहरु

हुनुपर्ने भन्ने उहाँको भनाई थियो । कार्यपत्रमा मूल्य अभिवृद्धि करमा दर्ता भए पश्चात् पालना गर्नुपर्ने व्यवस्था र व्याज, शुल्क, दण्ड तथा जरिवानाका विषय पनि उल्लेख गर्नु भएको थियो ।

नेपाल पर्यटक यातायात व्यसायी संघका अध्यक्ष रामशरण कार्कीले पनि कार्यपत्र प्रस्तुत गर्नु हुँदै पर्यटक यातायात सेवा प्रदान गरिआएका व्यवसायीहरु मध्ये करको दायरा भन्दा बाहिर रहेका व्यवसायीहरु संघको पहलमा क्रमशः करको दायरामा आउने क्रममा रहेको बताउनुभयो । उहाँले २०७१ को आर्थिक ऐनले मूल्य अभिवृद्धि करमा दर्ता हुन अनिवार्य गरेकोले व्यवसायीलाई करको दायरामा ल्याई राष्ट्र सेवामा योगदान दिन योग्य बनाउनका लागि विभागबाट उत्प्रेरणा प्रदान हुन जरुरी रहेको समेत बताउनुभयो । उहाँले अन्यौलग्रस्त अवस्थामा रहेका व्यवसायीहरुलाई अवधि तोकी मूल्य अभिवृद्धि कर लगायत करको दायरामा ल्याई दर्ता हुनु अघिको कारोवार स्वघोषणा गरी त्यसको आयकर तिरेमा मूल्यअभिवृद्धि कर नलाग्ने व्यवस्था गरिनु उपयुक्त हुने समेत बताउनुभयो । यस क्षेत्रका करदातालाई नियमित रुपमा अभिमुखीकरण वा कर सम्बन्धी जानकारीमूलक तालिम, सेमिनार वा त्यस्तै प्रकृतिको कुनै कार्यक्रम गरिनु राजस्व संकलनको दृष्टिकोणले फलदायी हुने उहाँको भनाई थियो ।

नेपाल चेम्बर अफ कमर्सका सचिव श्री परशुराम दाहालले व्यवसाय दर्ता देखि खारेजीसम्मको प्रकृयाको वारेमा विभागले प्रष्ट पारेकोमा कार्यक्रम फलदायी भएको बताउनु हुँदै राज्यलाई तिर्ने कर आफूहरुकै समृद्धिको लागि भएकोले व्यवसायीलाई दायरामा आउनै पर्ने भएकोले दायरा विस्तार गरेर दर घटाउन चेम्बर अघि बढेको व्यहोरा उल्लेख गर्नुभयो । साथै कर, भन्सार राजस्व सम्बन्धी सहयोगी कक्ष चेम्बरमा खोलिएकाले केही समस्या भए लिएर आउन समेत अनुरोध गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुले अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए । पर्यटक यातायात व्यवसायीहरुले यो व्यवसाय सेवा भावबाट पनि सञ्चालित भएकाले सवारी साधन खरीद गर्दा मूल्यअभिवृद्धि कर छुट हुने व्यवस्था गरिदिन अनुरोध गरेका थिए । पछिल्लो समयमा भारतीय पर्यटकहरु हवाइ मार्गहुँदै नेपाल आउने तर भारतीय नम्बर प्लेटका खाली गाडी भारतदेखि काठमाडौंको एयरपोर्ट पुगेर महिनौं आफ्ना पर्यटकहरुलाई नेपालमा घुमाउने गरेको, भारतीय नम्बर प्लेटका गाडीलाई थोरै राजस्व बुझाएर नेपाल भरी घुम्ने अवसर प्रदान गरिएकाले पर्यटक वोक्ने बस व्यवसायीहरु मारमा परेको बताए । उनीहरुले सहज रुपमा व्यवसाय गर्ने वातावरणको सृजना गरिदिन आग्रह समेत गरेका थिए ।


कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।

## कर प्रणाली पुनरावलोकन आयोगलाई ५३ बुँदे सुझाव

काठमाडौं । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघले उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगलाई ५३ बुँदे सुझाव बुझाएको छ । सुझावहरु नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघका तर्फबाट अध्यक्ष भरत रिजालले आयोगका अध्यक्ष डा. रुपबहादुर खड्कालाई हस्तान्तरण गर्नु भएको हो । संघले आफ्ना सदस्यहरुबाट कर सम्बन्धी नीतिगत, संरचनागत तथा कानूनी रुपमा गर्नु पर्ने सुधार सम्बन्धमा सुझावहरु संकलन गरेको थियो । संघका तर्फबाट प्रस्तुत सुझावहरुमा कर सम्वन्धी नीति २० बर्षसम्म परिवर्तन नगर्ने, कर प्रशासन तथा कर लगाउने सम्बन्धमा छुट्टाछुट्टै कानून बनाउनु पर्ने, सम्पूर्ण करहरु स्वयं कर निर्धारण प्रणालीमा आधारित



आयोगलाई सुझाव दिँदै चार्टर्ड एकाउन्टेन्ट संघका पदाधिकारीहरु

हुनुपर्ने, कर निर्धारणको पुनरावलोकन गर्न वेग्लै कर प्राधिकरण गठन गर्ने लगायतका सुझावहरु छन् । त्यसैगरी कर लेखापरीक्षण विशेषज्ञ व्यक्तिबाट मात्र गर्ने, कर प्रशासनले कर कानूनको व्याख्यागर्न पाउने अधिकार दिन नहुने, करदातालाई हतोत्साही गर्न नहुने, आय विवरणको ढाँचामा आवश्यक परिवर्तन गर्नु पर्ने, शैक्षिक तथा स्वास्थ्य संस्थाहरुलाई कम दरमा कर लगाउनु पर्ने, राजस्व न्यायाधिकरण कर विभागभन्दा स्वतन्त्र हुनु पर्ने, जेष्ठ नागरिकलाई आफूले तिरेको कर फिर्ता दिइनुपर्ने, मतियारको परिभाषा स्पष्ट हुनु पर्ने तथा खरीद बिक्री खाता स्वयं प्रमाणित गर्ने लगायतका बुँदाहरु समेटिएका छन् । आयोगका तर्फबाट अध्यक्ष डा. रुपबहादुर खड्काले अत्यन्त विशिष्ट प्रकारका सुझावहरु दिएकोमा धन्यवाद दिनुहुँदै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघको कार्यको सराहना गर्नुभयो । कार्यक्रममा आयोगका सदस्यद्वय माधवप्रसाद ढकाल र सुदर्शनराज पाण्डे तथा चार्टर्ड एकाउन्टेन्टहरु राजुकुमार शिवाकोटी, एन. कृष्णस्वामी र प्रमोद स्वर्णकारको समेत उपस्थिती रहेको थियो ।

## दर्ता गरेर मात्र कारोवार गर्न महानिर्देशकको निर्देशन

काठमाडौं । देशभरबाट सहभागी भएका ग्रील तथा स्टिल ब्यबसायीहरु पहिलो पटक राष्ट्रियस्तरको महासंघमा परिणत भएका छन् । माघ २९ गते विहीवार राजधानीमा ग्रिल तथा स्टील व्यवसायी महासंघको प्रथम साधारण सभा तथा राष्ट्रिय महाधिबेशनको कार्यक्रममा बोल्नुहुँदै माननीय उद्योग मन्त्री महेश बस्नेतले सरकारले उद्योगमैत्री नीति र वातावरण निर्माणमा प्राथमिकता दिएको बताउनुभयो । उद्योग मन्त्री श्री बस्नेतले औद्योगिक क्रान्ति हुन सके मात्रै देशमा विकास हुन सक्ने भएकाले उद्योग विस्तारमा सरकार लागि परेको बताउनुभयो । आर्थिक र सामाजिक विकासका एजेण्डाले प्राथमिकता पाउनुपर्ने बताउनुहुँदै व्यवसायीका मुद्दामा उद्योग मन्त्रालय गम्भीर रहेको बताउनुभयो । व्यवसायीसँग रहेको समस्या सबै मिलेर हल गर्नुपर्ने बताउनुहुँदै रुग्ण उद्योगको पुन: संचालनका लागि सरकार गम्भीर भएर लागि परेको बताउनुभयो । ग्रील तथा स्टिल व्यवसायी महासघले आर्थिक पत्रकारिताको माध्यमबाट ग्रील उद्योग तथा साना ब्यबसायको विकासमा योगदान गरेको भन्दै आर्थिक पत्रकारहरुलाई मन्त्री बस्नेतले सम्मान समेत गर्नुभएको थियो ।



कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले ग्रील तथा स्टिल व्यवसायी महासंघका पदाधिकारीहरुलाई आर्थिक कारोवारको रकमबाट राज्यले तोकेको कर तिर्न आग्रह गर्नु भएको छ । महानिर्देशक शर्माले करको वारेमा कुनै समस्या भए नजिकको कार्यालयमा सम्पर्क गरी कर अधिकृतहरुसंग परामर्श लिन पनि सुझाव दिनुभयो । उहाँले करमा दर्ता नभई कारोवार गरेको पाइएमा अनुसन्धानको दायरामा ल्याइने बताउनुहुँदै व्यवसायीलाई हिसाव किताव चुस्त दुरुस्त राख्न निर्देशन दिनुभयो । अनुगमनका क्रममा कहीं कतै दर्ता नगरी कारोवार गरेको फेला परे हदै सम्म कारवाही गरिने उहाँले बताउनुभयो । श्री शर्माले व्यवसायी र सरकारबीचको सम्बन्ध अझ सुमधुर रहोस् भन्नुहुँदै व्यवसायीलाई नाफा कमाउन सफलताको कामना गर्नुभयो ।

ग्रील तथा स्टील व्यवसायी महासंघ नेपालका अध्यक्ष श्री मोहन कटुवालले देशभरी सञ्चालित ९ हजार मेटल फेब्रिककेटर्स उद्योगहरुले आवश्यक पर्ने मेटल फेब्रिकेटिङ सम्बन्धी सम्पूर्ण कामहरु गरेर सेवा प्रदान गर्दै आएको बताउनुभयो । यो व्यवसायले घरमा आवश्यक पर्ने ग्रीलजन्य सामानहरुदेखि पोल, पुल, टावर, टर्वाइन, बेलिब्रिज, झोलुङे पुल, ट्रस लगायत मेटल फेब्रिकेटिङको काम गरिरहेको तथा यस व्यवसायमा झण्डै १ लाख ५० हजारले प्रत्यक्ष रोजगारी पाएको बताउनु भयो । उहाँले यस क्षेत्रमा वार्षिक २० अर्व भन्दा बढीको कारोवार गर्दै आइरहेको र राजस्वको केही हिस्सामा आफूहरुले पनि योगदान गरेको बताउनुभयो । विद्युतबाट सञ्चालित उद्योग धन्दा भएकाले लामो समयसम्म हुने लोडसेडिङको मारमा व्यवसायीहरु परेको उहाँले बताउनुभयो । लोडसेडिङकै समस्याले गर्दा यस क्षेत्रमा लगानी गर्ने व्यवसायीहरु पछि हट्न थालेको उहाँको भनाइ थियो । उहाले देशभरी सञ्चालित सम्पूर्ण ग्रील तथा स्टील व्यवसायलाई सहज किसिमले कानुनी दायरामा ल्याई व्यवस्थित गर्न र कानुनी दायरामा आउन नचाहने घरमा मेसिन लिई काम गर्ने र अधुरो काम गरी अनियमितता गर्ने उद्योगहरुलाई तत्काल अनुगमन गरी कारवाही गर्न पनि सरकारको ध्यानाकर्षण गर्नुभयो ।

कार्यक्रममा नेपाल चेम्वर अफ कर्मसका अध्यक्ष राजेशकाजी श्रेष्ठ, प्रहरी अतिरिक्त महानिरीक्षक बिज्ञानराज शर्मा, घरेलु तथा साना उद्योग महासंघका सुरेश कुमार प्रधान, ईँटा उद्योग महासंघका अध्यक्ष महेन्द्र चित्रकार लगायतका महानुभावहरुले साना तथा मझौला उद्योगले अर्थतन्त्रमा निर्वाह गरेको भूमिकाको वारेमा चर्चा गर्नु भएको थियो ।


व्यावसायिक र पेशागत मर्यादा कायम गरी कारोवार गरौं ।

## नेपाल सरकार

# कर फछ्र्यौट आयोग, २०७१ को सूचना

नेपाल सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ बमोजिम कर फछ्र्यौट आयोग, २०७१ गठन गरी सोही ऐनको दफा ५ र ६ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकेको र आयोगले सोही अनुसार आफ्नो कार्य प्रारम्भ समेत गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आयोगको काम, कर्तव्य र अधिकार :**

(क) हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय,

(ख) विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका व्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका विषय,

(ग) करदाताबाट एउटा राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने राजस्व रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला हुन गई कायम भएको बक्यौता सम्बन्धी विषय,

(घ) आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय । तर, विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत नपर्ने ।

२. उपरोक्त बमोजिम कर फछ्र्यौटका लागि आयोग समक्ष निवेदन दिन चाहने करदाताहरुद्वारा आयोगको कार्यालय वा सम्बन्धित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय मार्फत निवेदन दिन सकिनेछ । निवेदनको ढाँचा माथि उल्लेखित कार्यालय तथा आन्तरिक राजस्व विभागको Website: http://www.ird.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. आयोगको कार्यालय आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा स्थापना गरिएको छ ।

४. आयोगको कार्य अवधि २०७२ असार मसान्तसम्म रहने छ ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
गोपाल घिमिरे
महाराज कोइराला
भूपालराज शाक्य
चुडामणि ढुंगाना
सम्झना बराल
प्रकाश शर्मा ढकाल
युक्तप्रसाद सुवेदी